# सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५ को दफा (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## सूचना प्रकाशन

सूचना सार्वजनिक गर्ने निकायको नामः-श्री जिल्ला समन्वय समितिको कार्यालय, बागलुङ

सूचना सार्वजनिक गरेको अवधिः-२०८० कार्तिक -पुष

### १.कार्यालयको स्वरुप प्रकृति

- संबिधानको धारा २२० को उपधारा १ मा जिल्ला भित्रका नगरपालिका र गाउँपालिका वीच समन्वय गर्न जिल्लामा एक जिल्ला सभाको व्यवस्था गरिएको ।
- जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फवाट गर्नु पर्ने सम्पुर्ण कार्य सम्पादन गर्ने संबैधानिक व्यवस्था भएको ।
- संबिधानको धारा २२० (२) बमोजिम जिल्ला भित्रका गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष र नगर पालिकाका प्रमुख र उपप्रमुख जिल्ला सभाका सदस्य रहने संवैधानिक व्यवस्था ।

### २.जिल्ला सभाको काम कर्तव्य र अधिकार

नेपालको संबिधानको धारा २२० को उपधारा ७ मा जिल्ला सभाको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारका सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- प्रदेश कानुन बमोजिम अन्य काम गर्ने ।

उपधारा ८ मा जिल्ला सभाको संचालन प्रदेश कानुन बमोजिम हुने संबैधानिक व्यवस्था ।

### नीतिगत तथा कानुनी व्यवस्थाः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को कानुनी व्यवस्था

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकारको व्यवस्था गरेका कार्यहरु

क.जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

ख.जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने,त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग.जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

घ.जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबिच समन्वय गर्ने,

ङ.जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

च.जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ.जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज.जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय,स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ.आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र प्रतिवेदन दिने.

ञ.जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,


ट.नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

- ऐनको दफा ९६(१) मा वर्षमा कम्तीमा एक पटक जिल्ला सभाको बैठक बस्नु पर्ने कानुनी व्यवस्था छ।
- जिल्ला समन्वय समितिको प्रमुखले जिल्ला सभाको अध्यक्षता गर्ने कानुनी व्यवस्था ।
- जिल्ला सभाले जिल्ला सभाको बैठक सम्बन्धि अन्य व्यवस्था समिति आफैले गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।
- प्रदेश कानुनले जिल्ला सभाको बैठक सम्बन्धि आवश्यक व्यवस्था गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।
- ऐनको दफा ९५ मा जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्ने व्यवस्था ।

**३.जिल्ला समन्वय समितिको संगठन संरचनाः-**

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

## जिल्ला समन्वय समिति बागलुङको संगठन संरचना




**४.निकायबाट प्रदान गरिने सेवाः-**

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- विकास तथा निर्माण संम्बन्धि कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने ।
- जिल्लामा रहने संघीय र प्रदेश सरकारका सरकारी कार्यालय/ गाउँपालिका र नगरपालिका वीच समन्वय गर्ने ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) को पृष्ठपोषण दिने।
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT(FRA) गर्ने ।
- स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) गर्ने ।
- प्रदेश कानुन बमोजिम अन्य काम गर्ने ।

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

**५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः-**

व्यवस्थापन शाखा

शाखा अधिकृत रा.प. तृतीय

ना.सु. रा.प अन.प्रथम

लेखापाल रा.प.अन. प्रथम

खरिदार रा.प.अन.द्वितिय

**अनुगमन शाखा**

ईन्जिनियर रा.प.तृतीय प्रा.

सब ईन्जिनियर रा. प. अनं. प्रथम प्रा.

**६.सेवा प्रदान गर्न लाग्ने दस्तुरः-**

- प्रचलित कानुन वमोजिम

**७.निर्णय गर्ने प्रक्रिया र अधिकारः-**

- जिल्ला सभा
- जिल्ला समन्वय समिति

**८.निर्णय उपर उजुरी सुन्ने अधिकारीः-**

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

**९.जिल्ला समन्वय समितिबाट सम्पादित क्रियाकलापहरुः-**

- स्थानीयतहहरु, प्रदेश कार्यालय र संघीय कार्यालयहरुमा नियमित रुपमा समन्वय र सहजिकरणको कार्य भएको ।
- जिल्ला भित्र स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार र गैर सरकारी संस्थाहरुबाट संचालित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र सहजिकरण गर्नुका साथै सुझाव दिइएको ।
- जिल्लामा बिभिन्न समितिहरुको बैठकहरुमा जिल्ला समन्वय समिति प्रमुख / जिल्ला समन्वय अधिकारीबाट सहभागिता जनाई निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेको ।
- २०८० कार्तिक १६ गते बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्ला समन्वय समिति बीच अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भै विभिन्न समसामयिक विषयमा निर्णयहरु गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाईएको ।
- २०८० मंसिर १४ गते स्थानीय तहहरुको प्रथम चौमासिक समिक्षा तथा समन्वय बैठक सम्पन्न गरी केही महत्वपूर्ण सुझावहरु र निर्णय गरी कार्यसम्पादनमा सहजिकरण गरिएको ।
- २०८० मंसिर २७ गते गैरसरकारी संस्था कोपिला नेपालको आयोजना र जिल्ला समन्वय समितिको समन्वयमा यातना पिडितहरुका सवालमा सरोकारवालाहरुको भूमिका विषयक सरोकारवालाहरुका वीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- २०८० मंसिर २८ गते सामाजिक विकास कार्यालयको आयोजना र जिल्ला समन्वय समितिको समन्वयमा महिला बालवालिका र जेष्ठ नागरिकहरुको हक अधिकार र सोको संरक्षण र व्यवस्थापनमा

कृष्णराज गौतम
समन्वय अधिकारी

स्थानीय तहको भूमिका विषयक स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई अभिमूखिकरण सम्पन्न भएको ।

- २०८० पुष १ गते नदिजन्य खानीजन्य पदार्थको जिल्ला अनुगमन समितिको बैठक बसी केही निर्णयहरु गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा लेखि पठाईएको ।
- २०८० पुष ५ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशको आयोजना र जिल्ला समन्वय समितिको समन्वयमा राष्ट्रिय मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- २०८० पुष १२ गते राष्ट्रिय बाल अधिकार परिषदको आयोजना र जिल्ला समन्वय समितिको समन्वयमा स्थानीय तहमा बालबालिका सम्बन्धी ऐन २०७५ को कार्यान्वयन विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- २०८० पुष १९ गते अस्पतालमा आधारित लैङ्गिक हिँसा व्यवस्थापन सल्लाहकार समितिको बैठक सम्पन्न भएको ।
- गण्डकी प्रदेशको दोस्रो पञ्चबर्षिय योजनामा समावेश गर्नु पर्ने नीतिगत कार्यगत र योजनागत व्यवस्था लगायतका सुझाव संकलन गरी गण्डकी प्रदेश नीति तथा योजना आयोगमा पठाईएको।
- जिल्लाका १० वटै स्थानीय तहको थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) को मूल्याङ्कनमा सहजिकरण गरी पृष्ठपोषणको कार्य सम्पन्न गरी स्थानीयतहहरुबाट नतिजा सार्वजनिक भएको ।
- जिल्लाका १० वटा स्थानीतहमा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT को मूल्याङ्कन गरी नतिजा समेत प्रकाशन भएको ।

## १०.सूचना अधिकारी र प्रमुखको नाम र पदः-

सूचना अधिकारी को नामःदुर्गा प्रसाद शर्मा

पदःना.सु.

फोन नम्वरः९८५७६२१४९४

कार्यालय प्रमुखको नामःकृष्णराज गौतम

पदःजिल्ला समन्वय अधिकारी

फोन नम्वरः९८५७६२०००२

## ११.ऐन नियम कानूनको सूचीः-

१.नेपालको संविधान, २०७२

२.स्थानीय सरकार संचालन ऐन, २०७४

३.जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्वन्धि कार्यविधि, २०७६

४.ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड, २०७७

कृष्णराज गौतम
जिल्ला समन्वय अधिकारी

५.ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन, संकलन, क्रसिङ र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५

६.गाउँसभा, नगरसभा र जिल्ला सभाका सदस्यहरुले पाउने सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७७

७.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) कार्यविधि,२०७७

८.स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन FIDUCIARY RISK ASSESSMENT(FRA) कार्यविधि,२०७७।

९.स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि,२०७९

## १२.कार्यालयको आर्थिक विवरण:-

**संघ तर्फ**

| क्र.स. | प्राप्त बजेट | हाल सम्मको खर्च | बाँकी |
|---|---|---|---|
| १ | १,५२,५२०००/- | ६८,४६,६८५.९० | ८४,०५,३१४.१० |
| | प्रदेश तर्फ | | |
| २ | अख्तियारी प्राप्त नभएको | | |

## १३.तोकिए बमोजिमका अन्य विवरण:-००

## १४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:-

जिल्ला भित्रका विकास निर्माण संग सम्वन्धित सरकारी कार्यालय, स्थानीयतह र गैरसरकारी संघ संस्थाको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न भएको ।

## १५.सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण:-

https://dccbaglung.gov.np

## १६.सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता,ऋण,अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण:-

- नभएको

**१७.सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:-**

- वार्षिक समिक्षा कार्यक्रम

**१८.सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:-००**

**१९.सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:-**

- ००

**२०.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने गरेको भए सोको विवरण:-००**

कृष्णराज गौतम
समन्वय अधिकारी